कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई-पेपरका लागि स्क्यान गर्नुहोस्।)

वर्ष: २६ | अंक: १४१ | वि.सं. २०८३ भदौ १७ बुधवार | नेपाल संवत: ११४५, भाद्र कृष्ण षष्ठी | Tuesday 2 September 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

ईनिशा विक हत्या प्रकरणः

## तीन बालकलाई अभिभावकको जिम्मा लगाउन सर्वोच्चको आदेश

**युग संवाददाता**
**सुर्खेत, १६ भदौ ।**

गुर्भाकोट नगरपालिका-६ बडाखोली स्थायी घर भएकी १६ वर्षकी इनिसा वीरेन्द्रनगर नगरपालिका-१ मा परिवारका साथ बस्दै आएकी थिइन् । २०८२ फागुन २३ गते बिहान ६ बजे नै ट्यूसन जाने भन्दै घरबाट निस्किएकी उनी बिहान ९ बजेतिर वीरेन्द्रनगर नगरपालिका-४ को उत्तरतर्फ पर्ने जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा भेटिएकी थिइन् ।

प्रहरीले उनलाई प्रदेश अस्पताल पुऱ्याए लगतै चिकित्सकले मृत घोषणा गरेका थिए। सोही दिन प्रहरीले घटनास्थलबाट उनका प्रेमी भनिएका आरोपित १६ वर्षे नाबालक वीरेन्द्रनगर (प) लाई नियन्त्रणमा लिएको थियो ।

तर आज सर्वोच्च अदालतको आदेशमा तीन बालकलाई अभिभावकको जिम्मा लगाउन आदेश दिएको छ। सर्वोच्च अदालतले सुर्खेतकी इनिसा विकको बलात्कारपछि हत्या भनिएको प्रकरणमा कानुनी विवादमा परेका तीन बालकलाई थुनामुक्त गर्न आदेश




दिएको हो ।

मंगलबार सर्वोच्च अदालतका न्यायाधीशद्वय शारङ्गा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले सुर्खेत जिल्ला अदालत र उच्च अदालत सुर्खेतको आदेश बदर गरेको हो। सर्वोच्चको यो आदेशसँगै परिवर्तित नाम वीरेन्द्रनगर (ध), वीरेन्द्रनगर (फ) र वीरेन्द्रनगर (न) लाई अभिभावकको जिम्मामा छाडेर मुद्दाको कारबाही अघि बढाउन बाटो खुलेको छ।

अर्का आरोपित परिवर्तित नाम वीरेन्द्रनगर (प) को हकमा भने कुनै आदेश भएको छैन। यसअघि सुर्खेत जिल्ला अदालतले १७ चैत २०८२ मा मुख्य आरोपितसहित चारै जनालाई थुनछेक आदेशमार्फत बाल सुधार गृह पठाउने आदेश दिएको थियो। सोही आदेशलाई उच्च अदालत सुर्खेतले २४ बैशाख २०८३ मा सदर गरेको थियो। दुवै अदालतका आदेशविरुद्ध वीरेन्द्रनगर (ध), (फ) र (न) का अभिभावक पुनरावेदन लिएर सर्वोच्च पुगेका थिए।

यद्यपी बालकहरु तत्काल थुनामुक्त भए पनि सुर्खेत जिल्ला अदालतमा जारी मुद्दा किनारा नलागुञ्जेल अदालतले खोजेका बखत अनिवार्य रुपमा उपस्थित गराउनु पर्ने र अदालतको पूर्व अनुमति नलिई देश बाहिर जान नपाउने आदेश सर्वोच्चले दिएको हो।

# ६ वर्षपछि सञ्चालनमा आयो विषादी द्रुत अन्वेषण प्रयोगशाला

**ओम शाही**
**सुर्खेत, १६ भदौ ।**

कर्णाली प्रदेश सरकारले ६ वर्षअघि निर्माण गरेको विषादी परीक्षण प्रयोगशाला सञ्चालनमा ल्याएको छ। सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी परीक्षणका लागि करोडौं रकम खर्चेर प्रयोगशालाका भवन निर्माण भएका थिए। तत्कालीन समयमा कर्णाली भित्रने दुई नाकामा तरकारी तथा फलफूलमा मिसाइने घातक विषादीको मात्रा पत्ता लागउने उद्देश्यका साथ सरकारले डेढ करोड खर्च गरेर भवन निर्माण गरेको थियो।

प्रयोगशालाका लागि एक/एक वटा आधुनिक भवन निर्माण गरिएको छ। तर, सरकारको प्राथमिकतामा नपर्दा निर्माण भएको लामो समयसम्म पनि भवन प्रयोगमा आउन सकेका थिएनन्। हर्रेमा निर्माण भएको भवन प्रयोगमा आएपनि कपुरकोटमा निर्माण भएको संरचना भने प्रयोगविहीन अवस्थामा छ।

मंगलबार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जम्कित लामाले एक




समारोहका बीच हर्रेमा विषदी अन्वेषण द्रुत विश्लेषण एकाईको स्थापना गरेकी हुन्। सेवा प्रारम्भ गर्दै मन्त्रीले लामाले कर्णाली भित्रने घातक विषादी नियन्त्रणमा ठुलो टेवा पुग्ने दावी गरिन। प्रदेश सरकारको अर्गानिक अभियान अन्तर्गत विषादीको प्रयोगलाई न्यूनिकरण गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिएको बताउँदै मन्त्री लामाले आमनागरिकमा पनि विषादी प्रयोगका बारेमा सचेतना फैलाउन आवश्यक रहेको बताइन।

उनले सल्यानको कपुरकोटमा निर्माण भएको भवनबाट चाँडै विषादी परिक्षण सुरु हुने दावी गरिन। आर्थिक वर्ष २०७५/७६ मा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको प्रस्तावमा भवन निर्माण गरिएको थियो। प्रयोगशाला निर्माणको उद्देश्य थियो, अन्य प्रदेश वा भारतबाट आयात हुने कृषिउपजको विषादी परीक्षण गर्ने। भवन त निर्माण भयो तर जनशक्ति व्यवस्थापन र उपकरण खरिद समयमै नहुँदा लामो समय ती दुवै भवन प्रयोगबिहीन छन्।

प्रयोगशाला निर्माणको योजना कर्णाली प्रदेश सरकारको २०७४ सालमा सुरु भएको अर्गानिक प्रदेशको अवधारणाबाट सुरु भएको थियो। प्रदेशका तत्कालिन मुख्यमन्त्री महेन्द्रबहादुर शाहीको पालामा कृषिमन्त्री विमला केसीले उक्त योजना अघि बढाएकी थिइन्। त्यसको सुरुआती चरणमा भवन निर्माणका काममा बजेट खर्च गरिएको थियो।

भवन निर्माण भएपनि प्रदेश सरकारले विगतका केही वर्षका नीति तथा कार्यक्रम र बजेटमा प्रयोगशाला सञ्चालनको योजनालाई विशेष रुपमा समेटेको थिएन। यद्यपि आगामी आर्थिक वर्षको २०८३/८४ को बजेटमा भने समावेश गरिएको छ। प्रयोगशाला सञ्चालनका लागि कति बजेट विनियोजन भयो भन्ने स्पष्टचाहिँ छैन। बजेट वक्तत्वयमा

बाँकी ३ पेजमा

## भोटेकोशी बाढीपछि बर्दियाका ९० जना अझै सम्पर्कविहीन

**सरला सुवेदी**
**बर्दिया, १६ भदौ ।**

भोटेकोशी नदीमा आएको भीषण बाढीमा परी बर्दियाको गेरुवा गाउँपालिका-२ भैरमपुरका सात जना सम्पर्कविहीन भएपछि सिंगो टोल शोक र चिन्तामा डुबेको छ। रसुवागढीस्थित भन्सार कार्यालयको भवन निर्माणका लागि गएका उनीहरू बाढी आएको सात दिन बितिसक्दा पनि परिवारको सम्पर्कमा आएका छैनन्।

गेरुवा-२ का वडाध्यक्ष कृष्ण थारूका अनुसार भैरमपुरका सातै जना मङ्गलबारसम्म सम्पर्कविहीन छन्। उनीहरू गत साउन १४ गते गाउँबाट रसुवा भन्सार कार्यालयको भवन निर्माणमा मजदुरी गर्न गएका थिए।

सम्पर्कविहीन हुनेमा ३१ वर्षीय पदम थारू, उनका सहोदर भाइ बालकुमार थारू र काकाका छोरा पञ्चराम थारूसहित सात जना छन्। पदमकी श्रीमती शिवा थारू श्रीमान् सम्पर्कविहीन भएपछि विक्षिप्तजस्तै बनेकी छन्। सात दिनदेखि श्रीमान्को कुनै खबर नआएपछि उनले खाना समेत खान नसकेको परिवारले जनाएको छ।

बालकुमारका दाजु शिलुप्रसाद थारूले भाइसहित सम्पर्कविहीन भएका सबैको अवस्था अझै अज्ञात रहेको बताए। बालकुमारकी आमा रामकुमारी थारू छोराको अवस्थाबारे कुरा गर्दा भक्कानो छोडेर रुने गरेकी छन्। ‘सरकार, मेरो छोरालाई सकुशल उद्धार गरिदिनुपर्‍यो,’ उनले भावुक हुँदै भनिन्।

भैरमपुर टोलका सात जना एकैपटक सम्पर्कविहीन भएपछि अधिकांश परिवारमा सन्नाटा छाएको वडासदस्य इन्दिरा सापकोटाले बताइन्। आर्थिक रूपमा कमजोर परिवारका मुख्य सहारा नै सम्पर्कविहीन भएपछि उनीहरूको पीडा झनै बढेको उनको भनाइ छ।

‘अधिकांश परिवार चिन्ताले थलिएका छन्,’ उनले भनिन्। गेरुवा गाउँपालिका-२ कै सन्तोष न्यौपाने पनि भोटेकोशी बाढीपछि सम्पर्कविहीन छन्। रसुवामा काम गर्न गएका छोरा सकुशल घर फर्किने आशामा उनकी आमा ज्योतिले निरन्तर सोधपुछ गरिरहेकी छन्।

**खोजीका लागि भरतपुर पुगे १३ जना**

सम्पर्कविहीन भएकाहरूको खोजी तथा पहिचानका लागि गेरुवा गाउँपालिकाले पहल थालेको छ। आइतबार बसेको गाउँ कार्यपालिकाको बैठकले वडा नम्बर २ र ५ का वडाध्यक्षसहित पीडित परिवारका सदस्यलाई चितवनको

बाँकी ३ पेजमा






युगआह्वान
राष्ट्रिय दैनिक

## सम्पादकीय....

# सुरुङ उद्धारमा उपेक्षा किन ?

रसुवास्थित भोटेकोसी नदीमा १० भदौमा आएको विनाशकारी बाढीले जनधनसँगै जलविद्युत् आयोजनामा ठूलो क्षति पुर्‍यायो । नदी तटीय क्षेत्रमा उद्धार र राहतका काम अघि बढिरहे पनि बाढीपछि जलविद्युत् आयोजनाका सुरुङमा फसेका व्यक्तिहरूको उद्धार भने अझै प्रभावकारी बन्न सकेको छैन । बाढी आएको एक सातासम्म पनि सुरुङभित्र थुनिएकाहरूको उद्धारमा अपेक्षित प्रगति नहुनु गम्भीर चिन्ताको विषय हो । उद्धारमा नेपाली सेनासँगै भारतीय र चिनियाँ सुरुङ उद्धारकर्मीसमेत परिचालित भएका छन् । बन्द भएका सुरुङका मुख खोल्ने प्रयास भइरहे पनि समय घर्किँदै जाँदा भित्र फसेकाहरूको जीवन जोगिने सम्भावना कमजोर बन्दै गएको छ । परिवारका सदस्यहरू भने अझै आफ्ना आफन्त सकुशल फर्कने आशामा छन् । निर्माणाधीन त्रिशूली-३ बी जलविद्युत् आयोजनाको सुरुङमा फसेका इन्जिनियर हेमन्तराज जोशीकी श्रीमती हृदयश्वरी जोशीको पीडा यसको प्रतिनिधि उदाहरण हो । राज्यसँग उनको एउटै आग्रह छ–सुरुङमा फसेकाहरूलाई तत्काल बाहिर निकालियोस् ।

भोटेकोसी बाढीबाट सञ्चालनमा रहेका आठ र निर्माणाधीन चार गरी १२ जलविद्युत् आयोजनामध्ये ११ वटामा ठूलो क्षति पुगेको तथ्यले विपद्‌को भयावहता देखाउँछ । रसुवा र नुवाकोटका आयोजनाबाट उत्पादन हुने ६ सय ६९ मेगावाट विद्युत् प्रभावित भएको छ । सयौँ कामदार तथा प्राविधिक सुरुङमा फसेका वा सम्पर्कविहीन रहेको तथ्य झनै भयावह छ । यस्तो अवस्थामा उद्धार राज्यको पहिलो प्राथमिकता बन्नुपर्ने हो । तर, उद्धार कार्यमा भएको ढिलाइले राज्यको विपद् व्यवस्थापन क्षमतामाथि गम्भीर प्रश्न उठाएको छ । आयोजनाका प्रवर्द्धकहरूले सुरुदेखि नै तत्काल उद्धारका लागि आग्रह गरेका थिए । आवश्यक उपकरण र जनशक्ति उपलब्ध गराउन माग गरेका थिए । कतिपय आयोजनाले आफ्नै स्रोत र परामर्शदाताको सहयोगमा उद्धार गर्न तयार रहेको बताए पनि समयमै त्यसलाई प्रभावकारी रूपमा परिचालन गर्न नसकिएको गुनासो छ । विपद्मा उद्धारको सबैभन्दा महत्वपूर्ण पक्ष समय हो । सुरुङभित्र अक्सिजनको अवस्था, पानीको प्रवेश, तापक्रम र संरचनाको अवस्थाजस्ता विषयले बाँच्ने सम्भावनालाई प्रत्यक्ष प्रभाव पार्छन् । त्यसैले सुरुङमा फसेकाहरूको उद्धारमा एक दिनको ढिलाइसमेत ठूलो मूल्यको हुन सक्छ । राज्यले सडक, पुल वा नदी तटीय क्षेत्रमा उद्धार गरेजस्तै सुरुङभित्र फसेका नागरिकको जीवनलाई पनि समान प्राथमिकता दिनुपर्छ । अब आरोप-प्रत्यारोपमा समय बिताउने होइन, उपलब्ध सबै जनशक्ति, उपकरण र प्रविधि परिचालन गरेर उद्धारलाई युद्धस्तरमा अघि बढाउनुपर्छ । विदेशी विशेषज्ञको सहयोग लिनुपर्ने भए अझै ढिलाइ गर्नु हुँदैन ।

साथै, उद्धारमा किन ढिलाइ भयो, कुन तहबाट कमजोरी भयो र आवश्यक स्रोतसाधन हुँदाहुँदै किन प्रभावकारी परिचालन हुन सकेन भन्ने विषयमा विपद् सकिएपछि निष्पक्ष छानबिन आवश्यक छ । राज्यको सफलता विपद् आउन नदिनुमा मात्र होइन, विपद्मा परेका नागरिकको जीवन जोगाउन सक्नुमा पनि मापन हुन्छ। सुरुङभित्र थुनिएका प्रत्येक व्यक्तिको जीवन मूल्यवान् छ । उनीहरूका परिवारले आशा मार्नुअघि राज्यले आफ्नो सम्पूर्ण शक्ति लगाएर उद्धारको अन्तिम प्रयास गर्नैपर्छ । राज्य चाहिने भनेकै आपद विपदमा हो । विपदमा परेका नागरिकलाई राज्यले अभिभावकको भूमिकामा रहेर काम गर्ने सन्दर्भमा कुनै कसरत बाँकी राख्नु हुँदैन । जबसम्म नागरिकले राज्यप्रति भरोसा राख्छन, तबमात्र लोककल्याणकारी राज्यको अवधारणा पुरा हुन्छ । अर्को महत्वपूर्ण विषय भोटेकोसीको विनासकारी बाढीबाट नेपालले विपद्पूर्वको तयार र विपद्पछिको प्रतिकार्यमा धेरै विषयमा सुधार गर्नुपर्ने देखिएको छ । पछिल्लो समय जल र वायुमा आइरहेको बदलावका कारण उत्तरका हिमालहरुले देखाउँन थालेका खतराको संकेतमा सावधानी अपनाई आवश्यक तयारी गर्नुपर्ने पाठ भोटेकोसीको बाढीले सिकाएको छ ।

# १३ खर्ब लगानीयोग्य रकम, रोजगारी खोज्दै विदेशिने युवा



✍ प्रवलजंग पाण्डे

नेपालको अर्थतन्त्रलाई बुझ्न कुनै एउटा क्षेत्रलाई मात्र हेरेर पुग्दैन । बैंकको नाफा हेर्दा अर्थतन्त्र फस्टाइरहेको देखिन्छ, विदेशी विनिमय सञ्चिति हेर्दा इतिहासकै बलियो देखिन्छ । तर उत्पादन, रोजगारी र राजस्वको यथार्थमा पस्दा चित्र फरक देखिन थाल्छ । यो लेखमा कृषिदेखि उद्योग, बैंकिङदेखि पुँजी र घरजग्गा बजार र वैदेशिक रोजगारीदेखि सार्वजनिक ऋणसम्मका सूचकलाई एकसाथ राखेर नेपालको बृहत् अर्थतन्त्रको वास्तविक चित्र कोर्ने प्रयास गरिएको छ ।

राष्ट्रिय तथ्यांक कार्यालय र नेपाल राष्ट्र बैंकको अनुमान अनुसार आर्थिक वर्ष २०८२/८३ मा नेपालको अर्थतन्त्र उपभोक्ता मूल्यमा ३.८५ प्रतिशतले र आधारभूत मूल्यमा भने ३.६८ प्रतिशतले मात्र विस्तार हुने प्रारम्भिक अनुमान छ, जबकि अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा आधारभूत मूल्यको वृद्धिदर ३.८० प्रतिशत रहेको संशोधित अनुमान छ । यो वृद्धिदर विश्व अर्थतन्त्र सन् २०२६ मा ३.१ प्रतिशतले वृद्धि हुने प्रक्षेपणको तुलनामा बढी देखिए पनि नेपालकै अघिल्लो वर्षहरूको तुलनामा भने खासै उत्साहजनक होइन । किनकि, अघिल्लो आर्थिक वर्ष २०८१/८२ मा वृद्धिदर ४.४३ प्रतिशत रहने संशोधित अनुमान थियो । अर्थात् वृद्धिदर घट्दो क्रममा छ ।

कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान करिब २४ प्रतिशत र गैरकृषि क्षेत्रको ७६ प्रतिशत रहने अनुमान छ, जसले नेपाली अर्थतन्त्र अझै पनि कृषिमा ठूलो हिस्सा निर्भर रहेको तर सोही अनुपातमा उत्पादकत्व नबढेको देखाउँछ ।

प्रादेशिक रूपमा हेर्दा असमानता झन् गहिरो देखिन्छ । बागमती प्रदेशको वृद्धिदर ५.४० प्रतिशत र गण्डकीको ५.०१ प्रतिशत रहेर राष्ट्रिय औसतभन्दा माथि रहने अनुमान छ । मधेश प्रदेशको वृद्धिदर १.३१ प्रतिशतमा मात्र सीमित हुने प्रक्षेपण छ ।

### सार्वजनिक संस्थानको संरचनागत समस्या

बृहत् अर्थतन्त्रको यो सुस्त वृद्धिको एउटा जड सार्वजनिक स्वामित्वका उत्पादनमूलक उद्योगहरूको दशकौं लामो रुग्णतामा पनि भेटिन्छ ।उत्पादनमा तीनवटा तत्त्व सबैभन्दा महत्त्वपूर्ण मानिन्छन्– उत्पादन लागत, निरन्तरता र उत्पादित वस्तुको बजारीकरण । यी तीनै आधारमा हेर्दा सरकारी स्वामित्वका धेरैजसो उद्योग निकै कमजोर अवस्थामा छन् । उत्पादन लागत घटाउने सबैभन्दा ठूलो हतियार भनेकै समयसापेक्ष प्रविधिको प्रयोग हो । तर सरकारले सञ्चालन गर्न खोजेका धेरैजसो उद्योगका मेसिन वर्षौं पुराना छन् । उदयपुर र हेटौंडा सिमेन्ट कारखानाका मेसिनले प्रतिटन सिमेन्ट उत्पादन गर्न कति कोइला र बिजुली खपत गर्छन् भन्ने यकिन तथ्यांक उपलब्ध छैन । जबकि आधुनिक ड्राई प्रोसेस प्रविधि र प्रि-क्याल्सिनेटरयुक्त कारखानाले उही परिमाणको सिमेन्ट धेरै कम ऊर्जामा उत्पादन गर्न सक्छन् । पुरानो प्रविधिबाट उत्पादन गर्दा प्रतिस्पर्धी बजारमा लागत पहिलो चुनौती बन्छ । कपडा उद्योगको हकमा अत्याधुनिक मेसिन आइसकेका छन् । 'स्क्र्याब'मा जाने बेला भइसकेका सरकारी पुराना मेसिनले निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्नै सक्दैन ।

### मापदण्ड र बजार प्रवेशको चुनौती

सरकारले एउटा आधारभूत प्रश्नको जवाफ दिनैपर्ने देखिन्छ- सरकार आफैं बजारमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उत्पादक बन्ने हो कि बिनालगानीको २० देखि २५ प्रतिशतको लाभांश पार्टनर बन्ने ?औषधि उद्योगजस्तो क्षेत्रमा सरकारी टेन्डरमा भाग लिन अन्तर्राष्ट्रिय गुड म्यानुफ्याक्चरिङ प्राक्टिस (जीएमपी) मापदण्ड पूरा गर्नुपर्छ । उत्पादन स्थल, वातावरण र प्रयोगमा आउने मेसिन सबै त्यही स्तरका हुनुपर्छ । नेपाल औषधि लिमिटेडको हकमा भएका मेसिन पुराना, प्रयोगशालाको अवस्था कमजोर र जीएमपी अनुरूप संरचना अभाव रहेको देखिन्छ । यस्ता मापदण्ड पूरा गर्न ठूलो लगानी चाहिने भएकाले न्यून बजेट र निरन्तर घाटामा चलिरहेको संस्थानका लागि यो लगभग असम्भवजस्तै देखिन्छ ।

एसियाली विकास बैंक (एडीबी) ले सरकारका लागि गरेको डिटेल्ड डिलिजेन्स एसेसमेन्ट (डीडीए) अनुसार गोरखकाली रबर उद्योग, उदयपुर सिमेन्ट, हेटौंडा सिमेन्ट, खरिढुंगा म्याग्नेसाइट र बुटवल धागो उद्योगजस्ता रुग्ण संस्थानमध्ये दुई सिमेन्ट उद्योग र गोरखकाली रबर उद्योगको मूल्यांकन तयार भइसकेको छ । एडीबीले सिमेन्ट उद्योग पूर्ण रूपमा बन्द गरी उक्त ठाउँमा अन्य आर्थिक गतिविधि विस्तार गर्न र गोरखकाली रबरलाई निजीकरण गरी हालसम्मको दायित्व सरकारले नै फछ्र्योट गर्न सुझाव दिएको छ ।

### नीतिगत दुविधा : प्रतिस्पर्धी कि नियामक ?

सरकारले एउटा आधारभूत प्रश्नको जवाफ दिनैपर्ने देखिन्छ- सरकार आफैं बजारमा निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने उत्पादक बन्ने हो कि बिनालगानीको २० देखि २५ प्रतिशतको लाभांश पार्टनर बन्ने ? आर्थिक सिद्धान्तका दृष्टिले हेर्दा सरकारको भूमिका औद्योगिक वातावरण निर्माण गरेर निजी क्षेत्रको प्रतिस्पर्धी क्षमता बढाउने र निर्यातमा प्रोत्साहन दिने खालको हुनुपर्छ, न कि प्रत्यक्ष उत्पादनमै संलग्न भई निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने । नीति-नियमलाई निजी क्षेत्रमैत्री बनाई लगानीको प्रतिफलबाट राजस्व असुल्ने बाटो दीर्घकालमा बढी दिगो हुन्छ ।

### बैंकिङ क्षेत्र : नाफा उकालोमा तर कर्जा माग सुस्त

नेपाल राष्ट्र बैंकको तथ्यांकअनुसार आर्थिक वर्ष २०८२/८३ मा सञ्चालनमा रहेका २० वटै वाणिज्य बैंकको समग्र खुद नाफा अघिल्लो वर्षको तुलनामा ३२.२८ प्रतिशतले बढेर ६९ अर्ब ८६ करोड ६० लाख रुपैयाँ पुगेको छ । जुन अघिल्लो आर्थिक वर्ष २०८१/८२ को ५२ अर्ब ८१ करोड ७५ लाख रुपैयाँको तुलनामा ठूलो नाफा हो । यो नाफा वृद्धिको पछाडि एउटा असहज यथार्थ लुकेको छ- बैंकिङ प्रणालीमा अत्यधिक तरलता । बैंक तथा वित्तीय संस्थाहरूको कुल निक्षेप संकलन ८० खर्ब नाघेको छ । तर लगानी भने ५९ खर्ब १५ अर्ब मात्रै भएकाले लगानीयोग्य रकम करिब १३ खर्ब रुपैयाँ हाराहारीमा छ र कर्जा-निक्षेप अनुपात ७३.१० को बिन्दुमा झरिसकेको छ । अर्थात् बैंकसँग पैसा प्रशस्त छ तर व्यावसायिक क्षेत्रबाट लगानीको माग अपेक्षित रूपमा आइरहेको छैन । यसको मुख्य कारण नीतिगत अस्थिरता, बारम्बार सरकार परिवर्तन र विगतका आन्दोलनपछि व्यवसायीहरूमा देखिएको त्रास । साथै कालोसूची र संस्थागत ऋणीको असीमित दायित्वजस्ता नीतिले व्यवसायीलाई थप जोखिममा पारेको तथ्य पनि उल्लेख छ ।

बजेटमार्फत सरकारले कृषि, उद्योग, पर्यटन र जलविद्युत्जस्ता रणनीतिक क्षेत्रका लागि दीर्घकालीन स्थिर ब्याजदरमा कर्जा उपलब्ध गराउने नीति अघि सारेको छ, जुन उत्पादनमूलक क्षेत्रमा लगानी आकर्षित गर्ने प्रयासको संकेत हो ।

### पुँजीबजार : राजनीतिक अस्थिरताको छायामा उतारचढाव

नेप्से परिसूचकको हालसालैको गतिविधि हेर्दा बजार निकै अस्थिर देखिन्छ । मार्च २०२६ मा नेप्से ५४.५१ अंकले बढेर २९३१.५५ बिन्दुमा पुगेको थियो, जुन बेला निर्वाचन नतिजापछि राजनीतिक स्थिरताको अपेक्षा बढेकाले लगानीकर्तामा उत्साह देखिएको थियो । तर अगस्ट २०२६ मा बजार पुनः दबाबमा परेको छ- नेप्से परिसूचक २५९९.८२ बिन्दुमा झरेको छ । यसले पुँजीबजार राजनीतिक घटनाक्रम र वैदेशिक परिस्थितिसँग अत्यन्त संवेदनशील रहेको देखाउँछ । धितोपत्र बोर्डले भने प्राथमिक पुँजीबजार सुधार नीति २०८३ सार्वजनिक गरी आगामी १०-१५ वर्षभित्र नेपाली पुँजीबजारलाई दक्षिण एसियाकै प्रतिस्पर्धी र प्रविधिमैत्री बनाउने दीर्घकालीन मार्गचित्र प्रस्तुत गरेको छ, जुन संरचनागत सुधारको सकारात्मक पाटो हो ।

### बाह्य क्षेत्र : ऐतिहासिक उच्च सञ्चिति

अर्थतन्त्रको बाह्य सूचकहरू भने हालसम्मकै उत्कृष्ट अवस्थामा देखिन्छन् । राष्ट्र बैंकको प्रतिवेदनअनुसार आर्थिक वर्ष २०८२/८३ को ११ महिनामा देशको बाह्य क्षेत्र सूचक अहिलेसम्मकै उत्कृष्ट स्थितिमा पुगेको छ- रेमिट्यान्स आप्रवाह ३८.२ प्रतिशतले वृद्धि भई २१ खर्ब २० अर्ब रुपैयाँ पुगेको छ भने कुल विदेशी विनिमय सञ्चिति ४०.३ प्रतिशतले वृद्धि भई ३७ खर्ब ५५ अर्ब ६४ करोड रुपैयाँ पुगेको छ । यसैगरी बैंकिङ क्षेत्रमा निक्षेप संकलन १०.३ प्रतिशतले बढेर ८० खर्ब १२ अर्ब रुपैयाँ पुगेको छ भने निजी क्षेत्रतर्फ प्रवाहित कर्जा भने ६.२ प्रतिशतले मात्र बढेको छ, जसले फेरि पनि कर्जा माग सुस्त हुने प्रवृत्तिलाई नै पुष्टि गर्छ ।

यो अवस्थालाई सतही रूपमा हेर्दा अर्थतन्त्र बलियो देखिन सक्छ । तर गहिरिएर हेर्दा यो सञ्चिति वृद्धि मुख्यतः वैदेशिक रोजगारीमा गएका नेपालीहरूको रेमिट्यान्सबाट आएको हो, आन्तरिक उत्पादन र निर्यात क्षमता वृद्धिबाट होइन । अर्थात् बाह्य क्षेत्रको सुदृढता वास्तविक अर्थमा उत्पादनमूलक अर्थतन्त्रको सबलताको सूचक होइन- यो एक प्रकारको संरचनागत कमजोरी नै हो । किनभने यसले देशलाई आयातमुखी उपभोगमा निर्भर बनाइरहेको छ, स्वदेशी उत्पादन र रोजगारी सिर्जनामा होइन ।

### रोजगारी र युवा पलायन : रेमिट्यान्सको मूल्य

नेपालको बाह्य क्षेत्रको 'सफलता'को वास्तविक मूल्य कसले तिरिरहेको छ भन्ने प्रश्नको उत्तर रोजगारीको तथ्यांकमा भेटिन्छ । चालु आर्थिक वर्ष २०८३/८४ को साउन महिनामा मात्रै नयाँ तथा पुनः श्रमस्वीकृति लिएर ७० हजार ४ सय ४१ जना नेपाली वैदेशिक रोजगारीका लागि विदेशिएका छन् । जसले धेरै सरकार र नीति परिवर्तन भए पनि युवाको विदेशिने बाध्यता उस्तै रहेको देखाउँछ । यस्तो पलायनको मूल कारण देशभित्र रोजगारीको ठूलो अभाव हो- अन्तर्राष्ट्रिय श्रम संगठनको प्रतिवेदन अनुसार नेपालमा प्रतिवर्ष ४ लाख श्रमिक कामको खोजीमा श्रमबजारमा प्रवेश गर्छन्, तीमध्ये ११.२ प्रतिशतले मात्र रोजगारी पाउँछन् ।

पर्याप्त रोजगारीको अवसर, लगानीको अभाव, व्यवसाय सुरु गर्न आवश्यक पूँजीको कमी, बैंकिङ कर्जा प्राप्त गर्न कठिन प्रक्रिया तथा उचित मार्गदर्शनको अभावका कारण धेरै युवा विदेश जान बाध्य भइरहेका छन् । माथि उल्लेखित बैंकमा थन्किएको १३ खर्ब लगानीयोग्य रकम र युवाको ठूलो संख्यामा भइरहेको पलायनबीचको विरोधाभास स्पष्ट देखिन्छ- पुँजी प्रशस्त छ तर त्यो युवा उद्यमशीलता र स्वदेशी रोजगारी सिर्जनासम्म पुगिरहेको छैन ।

### राजस्व र सार्वजनिक ऋण

नेपालको अर्थतन्त्र अहिले चुनौतीपूर्ण अवस्थामा छ भन्ने संकेत राजस्व संकलनको कमजोर अवस्थाबाटै मिल्छ- उद्योग व्यवसाय सुस्त रहेकाले वैदेशिक लगानी पनि अपेक्षा

▶ बाँकी ३ पेजमा

## विश्व

# चिपको बढ्दो मागसँगै दक्षिण कोरियाको निर्यातमा तीव्र वृद्धि

**सियोल, १६ भदौ ।**

विश्व बजारमा दक्षिण कोरियामा उत्पादित सेमिकन्डक्टरको मागमा भएको अभूतपूर्व वृद्धिका कारण दक्षिण कोरियाको अगस्ट महिनाको निर्यात ६८.७ प्रतिशतले बढेको सरकारी तथ्यांकले देखाएको छ ।

व्यापार, उद्योग तथा स्रोत मन्त्रालयका अनुसार अगस्टमा दक्षिण कोरियाको निर्यात गत वर्षको सोही महिनाको तुलनामा ६८.७ प्रतिशतले बढेर ९८.२५ अर्ब अमेरिकी डलर पुगेको छ ।

यो दक्षिण कोरियाको हालसम्मकै तेस्रो उच्च निर्यात प्रदर्शन हो। लगातार तेस्रो महिनासमेत देशको मासिक निर्यात ९० अर्ब डलरभन्दा माथि रहेको छ ।

यस अवधिमा दैनिक औसत निर्यात ७२.५ प्रतिशतले बढेर ४.४७ अर्ब डलर पुगेको छ । दैनिक औसत निर्यात लगातार चौथो महिनासमेत ४ अर्ब डलरभन्दा माथि कायम रहेको छ ।

अगस्टमा आयात भने २२.५ प्रतिशतले बढेर ६३.५१ अर्ब डलर पुगेको छ । यससँगै देशको व्यापार बचत ३४.७५ अर्ब डलर पुगेको छ। व्यापार बचत लगातार तेस्रो महिनासमेत ३० अर्ब डलरभन्दा माथि रहेको छ ।

दक्षिण कोरियाका २० प्रमुख निर्यात वस्तुमध्ये १४ वटा वस्तुको निर्यात बढेको छ। तीमध्ये सेमिकन्डक्टरको निर्यात सबैभन्दा उल्लेखनीय रूपमा बढ्दै २०९ प्रतिशतले वृद्धि भई ४६.६५ अर्ब डलर पुगेको छ। यो सेमिकन्डक्टर निर्यातको हालसम्मकै उच्च स्तर हो ।

सेमिकन्डक्टरको निर्यात लगातार तीन महिनासम्म ४० अर्ब डलरभन्दा माथि रहेको छ । विश्वका ठूला प्रविधि कम्पनीहरू गुगल र अमेजनजस्ता हाइपरस्केलरहरूले कृत्रिम बुद्धिमत्ता (एआई) पूर्वाधारमा लगानी विस्तार गरिरहेकाले मेमोरी चिपको मूल्य बढ्नुले निर्यात वृद्धिमा योगदान पुर्‍याएको मन्त्रालयले जनाएको छ ।

अमेरिकातर्फको निर्यात ८९.३ प्रतिशतले बढेर १६.५० अर्ब डलर पुगेको छ। चिप, स्टिल उत्पादन, कम्प्युटर तथा पेट्रोलियम पदार्थको बलियो मागले यस वृद्धिलाई टेवा दिएको हो ।

त्यस्तै, दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको संगठन (आसियान) तर्फको निर्यात ७५.४ प्रतिशतले बढेर १९.०९ अर्ब डलर पुगेको छ भने युरोपेली संघतर्फको निर्यात १४.६ प्रतिशतले बढेर ६.६२ अर्ब डलर पुगेको छ।

▶ बाँकी ३ पेजमा

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

| | |
|---|---|
| मेष | जोशजाँगर बढ्नुका साथै कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो देखिए पनि रचनात्मक कार्य गर्न सकिनेछ । |
| वृष | दिगो योजनाका लागि धेरै रकम जुटाउनुपर्ला । अवसरका लागि केही दौडधुप गर्नुपर्नेछ । आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । |
| मिथुन | मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ । दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । थोरै लगानीबाट मनग्य नाफा उठाउन सकिनेछ । |
| कर्कट | दिन उपलब्धिमूलक रहनेछ । शुभचिन्तकहरूले साथ दिने हुँदा पहिलेको चुनौती समाप्त हुनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । |
| सिंह | धर्मकर्म तथा परोपकारी काममा प्रवृत्त भइनेछ । सामाजिक काम गर्ने अवसर प्राप्त हुनेछ । प्रयत्न गर्दा दिगो काममा जग बसाउन सकिनेछ । |
| कन्या | अस्वस्थताले काममा बाधा पुग्न सक्छ । साथ दिनेहरू नहुँदा आफैं काममा जुट्नुपर्ला । बाध्यात्मक परिस्थितिले अप्ठ्यारो पार्न सक्छ । |
| तुला | अवसरले आत्मबल बढ्नेछ र काममा सफलता प्राप्त हुनेछ । छोटो समयमा फाइदा लिन सकिनेछ । सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । |
| वृश्चिक | प्रतिस्पर्धामा उत्रनुपरे पनि बुद्धिको उपयोगले प्रतिष्ठा जोगाउन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ । |
| धनु | लगनशीलताले परिस्थितिलाई बदल्नेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ । अध्ययन र लेखनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । |
| मकर | सानोतिनो कमजोरीले अल्झाउन सक्छ । बेसुरमा वचन दिने बानीले समस्या निम्त्याउनेछ । पहिलेको सम्झौता भंग हुन सक्छ । |
| कुम्भ | आँटले काम बन्नेछ । सहयोगीहरूले काममा उत्साह जगाउनेछन् । रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ । |
| मीन | आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । बोलीको प्रभाव बढ्नेछ । |

# पूर्वमुख्यमन्त्री शर्मा जब रोस्टमको अघि पलेटी कसेर बसे



"वार्षिक रूपमा कम्तीमा १० हजार नयाँ रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने, स्थानीय स्रोत, सीप र श्रमको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने विद्येयकको मुख्य लक्ष्य छ।

**प्रभुराम पाण्डे**
**सुर्खेत, १६ भदौ ।**

मंगलबार दिउँसो ३ तीन बजेका लागि कर्णाली प्रदेशसभा बैठक आह्वान भएको थियो । उक्त बैठकमा सभामुख नन्दा गुरुङ्गले विभिन्न विषयगत समितिमा रहेका सदस्यहरूको हेरफेर गर्न कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १५७ बमोजिम समतिका लागि प्रस्ताव पेश गर्ने कार्यसूचि थियो ।

यस्तै, अर्थ तथा प्राकृतिक स्रोत समितिका सभापति दक्षिणा शाहीले कर्णाली प्रदेशसभा नियमावली, २०८१ को नियम १२७ बमोजिम प्रतिवेदन सहितको 'कर्णाली प्रदेश लोकमार्ग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सभा समक्ष पेश कायूसूचिका साथ बैठक सुभारम्भ भएको थियो । कार्यसूचि बमोजिम सभामुख गुरुङ्गले बैठक प्रारम्भ गरिन । बैठकको प्रारम्भमा कांग्रेस सांसद सुरेश अधिकारीलाई सभामुख गुरुङ्गले बोल्नका लागि समय दिइन । अधिकारीले बोलेपछि कर्णालीका पूर्वमुख्यमन्त्रीसमेत रहेका राजकुमार शर्मा आसनबाट उठे र बोल्न समय मागे । सभामुखले समय दिएपछि शर्माले धारणा राख्न सुरु गरे । लगत्तै शर्माले सरकारप्रति आगो ओकेले । गएको १२ साउनमा शर्माले गैरसरकारी विद्येयक संसद सचिवालयमा दर्ता गराएका थिए ।

कर्णाली समृद्धि तथा आर्थिक विकास सम्बन्धमा व्यवस्था गर्न बनेको गैर सरकारी विधेयक शर्माले संसदमा छलफलका लागि दर्ता गराएका थिए । तर, लामो समयसम्म पनि संसदको कार्यसूचिमा नराखिएपछि शर्माले सभामुख र सरकारको ध्यानाकर्षण गराए । आफ्ना धारणा राखेपछि शर्मा रोस्टमको अघि गएर पलेटी कसेर बसे ।

त्यसअघि उनले भने 'गएको साउन १२ गते संसच सचिवालयमा कर्णाली समृद्धि तथा आर्थिक विकास सम्बन्धमा व्यवस्था गर्न बनेको गैरसकारी विधेयक दर्ता गराएको अवगत नै छ । यसलाई छलफलको एजेण्डा नै नबनाइँदा, कार्यसूचिमा पनि नचढाईदा, सदनमा वहस गर्न पनि नदिईराखेका कारणले म यो कार्यसूचिप्रति घोर आपत्ति व्यक्त गर्छु । विधेयकलाई डम्पिङ गरिएको हुनाले म सदमा उभिईराख्नेछु या बसिराख्नेछ । म यही कुरा अवगत गराउन चाहन्छु ।' सभामुख गुरुङ्गले आसनमा गएर बस्न बारम्बार आग्रह गरेपनि शर्मा उठेनन् । शर्मा नउठेपछि सभामुख गुरुङ्गले १५ मिनेटका लागि बैठक स्थगति गरेकी थिइन । बैठक स्थगितपछि भएको सर्वदलिय बैठकमा कुरा नमिलेपछि आगामी २२ भदौमा बस्ने गरी मंगलबारको प्रदेशसभा बैठक स्थगित हुन पुगेको छ ।

**के हो शर्माले ल्याएको गैरसरकारी विद्येयक ?**

कर्णाली समृद्धि तथा आर्थिक विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमा कर्णाली प्रदेशमा उपलब्ध प्राकृतिक र मानव स्रोत, स्थानीय सीप तथा उत्पादनको समुचित उपयोग गरी प्रदेशको आर्थिक रूपान्तरण गर्ने लक्ष्य राखेको छ । वार्षिक रूपमा कम्तीमा १० हजार नयाँ रोजगार र स्वरोजगारका अवसरहरू सिर्जना गर्ने, स्थानीय स्रोत, सीप र श्रमको अधिकतम उपयोग गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन गर्ने विद्येयकको मुख्य लक्ष्य छ । यस्तै, कर्णाली प्रदेशलाई दिगो, समावेशी र आत्मनिर्भर अर्थतन्त्रतर्फ उन्मुख गराउने तथा परियोजनालाई सार्वजनिक निजी साझेदारीको अवधारणाअनुसार सञ्चालन गर्ने विद्येयकमा उल्लेख छ ।

विधेयकले कर्णाली समृद्धि परियोजनाको स्थापना, सञ्चालन, व्यवस्थापन, लगानी परिचालन, परियोजना कोष, अनुदान, सहुलियत कर्जा, न्यूनतम समर्थन मूल्य, बजार व्यवस्थापनगरी रोजगारी सृजना गर्ने र प्रदेशको समग्र आर्थिक समृद्धि हासिल गर्ने उद्देश्य लिएको छ । संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्र निर्माण, उत्पादन र उत्पादकत्व वृद्धि, गरिबी न्यूनीकरण, रोजगारी सिर्जना तथा दिगो आर्थिक विकासको लक्ष्य प्राप्त गर्न आवश्यक कानूनी व्यवस्था गर्न प्रस्तुत विधेयक प्रदेश सभामा पेश गरिएको शर्माले बताए ।

# मानसिक स्वास्थ्य सरकारको प्राथमिकतामा छ : मन्त्री मल्ल

**युग संवाददाता**
**सुर्खेत, १६ भदौ ।**



कर्णाली प्रदेश सरकारका सामाजिक विकास मन्त्री जितबहादुर मल्ल मानसिक स्वास्थ्यलाई उच्च प्राथमिकतामा राखेको बताएका छन् । मंगलबार सामाजिक विकास मन्त्रालयले आयोजना गरेको परियोजना अभिमुखिकरण तथा भावी कार्ययोजना सम्बन्धि अन्तर्क्रिया कार्यक्रममा बोल्दै मन्त्री मल्लले मानसिक स्वास्थ्यको सवाललाई सामान्यरुपमा लिन नहुँने बताए ।

उनले पछिल्लो समय मानसिक समस्या बढ्दै जानु चिन्ताजनक छ । पछिल्लो समय बालबालिकामा पनि मानसिक समस्याले आत्महत्याले प्रसय पाउने अवस्था निकै दर्दनाक रहेको बताए । कर्णालीको मानसिक स्वास्थ्यको सवालमा प्रदेश सरकारले विभिन्न विकास साझेदारसँग मिलेर काम गरिहेको उनको भनाई थियो ।

उनले भने, 'मानसिक स्वास्थ्यका क्षेत्रमा विद्यमाना नीति र कार्यक्रमहरु प्रभावकारी छन् भन्न सकिदैन, काम गर्दै जादा केही नीतिगत र संरचनागत समस्या हुनसक्छन् । यस्ता विषयहरु आगामी दिनहरुमा सुधार गरिदै लगिनेछ ।' मानसिक स्वास्थ्यको सवाललाई चासोको साथ हेरेको बताउँदै सरकारले मानसिक स्वास्थ्यका क्षेत्रमा लगानी बढाउँदै लगेको बताउँदै उनले कर्णालीको मानसिक स्वास्थ्य सुधार गर्न सरकारले रणनीति नै बनाएर अघि बढेको मन्त्री मल्लले दावी गरे ।बालबालिका, किशोर किशोरी र बृद्धबृद्धामा मानसिक स्वास्थ्यका बारेमा सचेतना फैलाउन आवश्यक रहेको उनको भनाई थियो । त्यस्तै, सामाजिक विकास मन्त्रालयकी सचिव रोशनीकुमारी श्रेष्ठले सरकारको नीति अनुसार मानसिक स्वास्थ्यका कार्यक्रम भइरहेको बताइन ।

विकास साझेदारहरुले सञ्चालन गरेका मानसिक स्वास्थ्य सम्बन्धिका कार्यक्रमहरु लक्षित वर्गसम्म पुगेमात्रै भारित लक्ष्य हासिल गर्न सकिने उनले बताइन । मानसिक स्वास्थ्यका कारण आत्महत्या बढ्यो भन्नुभन्दा पनि यसलाई न्यूनिकरण गर्न कसरी काम गरियो भन्ने कुरा महत्वपूर्ण हुने उनले बताइन । पछिल्लो समय मानसिक समस्या जटिल बन्दै गएको उल्लेख गर्दै सचिव श्रेष्ठ विरामी उपचार गर्न आउने नभई उनीहरुलाई खोज्ने संयत्रको विकास हुनुपर्ने बताइन ।

त्यस्तै, कार्यक्रममा बोल्दै मानसिक रोग विशेषज्ञ डाक्टर सुशील समदर्शीले कर्णालीमा ११ प्रतिशतमा मानसिक स्वास्थ्य समस्या रहेको बताए । उनले कर्णालीको मानसिक स्वास्थ्यको अवस्था सुधार गर्न सबै मिलेर काम गर्नुपर्ने बताए ।

# अस्टिम्की चित्रकला लोप हुने अवस्थामा

**युग संवाददाता**
**बाँके, १६ भदौ ।**

अस्टिम्की चित्रकला लोप हुने अवस्थामा पुगेको छ । थारु समुदायभित्र उक्त कलालाई मौलिक लोककला, संस्कृति र पहिचानसँग जोडिएको छ । थारु समुदायका अगुवाले सो चिकलाको संरक्षण, सम्वर्द्धन र ब्रान्डिङ गर्नुपर्नेमा जोड दिँदै आएका छन् ।

थारु अनुसन्धाता तथा साहित्यकार शेखर दहितले अस्टिम्की चित्रमा परम्परादेखि समेटिँदै आएका सांस्कृतिक, धार्मिक तथा सामाजिक प्रतिकको अर्थ र महत्व रहेको जानकारी दिए । उनले "पछिल्लो समय यसको स्वरूप र चित्रणमा विचलन आउन थालेको छ, यसले थारु चित्रकला लोप हुने खतरा छ" भने । थारु समुदायको मौलिक कला र सांस्कृतिक पहिचान बोकेको अस्टिम्की चित्रकलालाई आधुनिकताका नाममा परिवर्तन गर्ने क्रम बढेकोमा चिन्ता व्यक्त गर्दै उनले यसप्रति नयाँ पुस्ता र सम्बन्धित समुदाय सचेत हुनुपर्नेमा जोड दिए ।

"अस्टिम्की चित्रकलालाई थारु समुदायको विशिष्ट सांस्कृतिक सम्पदाका रूपमा स्थापित गर्न ब्रान्डिङ गर्न आवश्यक रहेको छ", उनले भने । अस्टिम्कीलाई केवल पर्वका अवसरमा बनाइने चित्रका रूपमा सीमित नराखी थारु कला र पहिचानको प्रतिनिधित्व गर्ने मौलिक सांस्कृतिक सम्पदाका रूपमा विकास गर्नपर्ने थारु अनुसन्धानदातासहित बताउँछन् ।

अस्टिम्कीमा अनावश्यक चित्र तथा आकृति थपिने र परम्परागत रूपमा राखिनुपर्ने महत्वपूर्ण चित्र छुट्नेक्रमसमेत देखिएको जानकारी दिँदै उहाँले अस्टिम्कीको मौलिक संरचना र सांस्कृतिक अर्थमा विचलन ल्याउने भएकाले चित्र बनाउने पुस्ताले यसको परम्परागत ज्ञान बुझ्न आवश्यक रहेको धारणा व्यक्त गरे ।

थारु समुदायले आफ्नो मौलिक पर्वका रूपमा मनाउँदै आएको अस्टिम्की दाङ, सुर्खेत, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरलगायतका जिल्लामा श्रीकृष्ण जन्माष्टमीका दिन मनाइने गरिन्छ । थारु समुदायमा विशेष सांस्कृतिक गतिविधिसँगै अस्टिम्की चित्र बनाउने परम्परा रहँदै आएको छ । चित्रमा थारु समुदायको धार्मिक विश्वास, सामाजिक जीवन, प्रकृति, जीवजन्तु तथा सांस्कृतिक अभ्याससँग सम्बन्धित विभिन्न आकृति र प्रतिक समेटिन्छन् ।

चित्रकला केवल सजावटको माध्यम नभई थारु समुदायको इतिहास, विश्वास, जीवनशैली र सामूहिक पहिचानको दृश्य अभिलेख समेत भएको बताइएको छ । जङ्गार साहित्यिक बखेरी नेपालका केन्द्रीय अध्यक्ष सोम डेमनडौराले भाषा, साहित्य, कला र संस्कृतिको संरक्षणका लागि यस्ता सांस्कृतिक सचेतनामूलक कार्यक्रम आवश्यक रहेको धारणा व्यक्त गरे । थारु समुदायका मौलिक कला र परम्पराको दस्तावेजीकरण गर्दै नयाँ पुस्तासम्म पुऱ्याउन साहित्यिक तथा सांस्कृतिक संस्थाले निरन्तर भूमिका खेल्नुपर्नेमा उहाँले जोड दिए ।

अस्टिम्कीको मौलिकता जोगाउन कलाकार, समुदाय, साहित्यकार, अनुसन्धाता र नयाँ पुस्ताबीच सहकार्य आवश्यक रहेको उल्लेख गर्दै डेमनडौराले थारु समुदायको पहिचान र अस्तित्वसँग जोडिएको अस्टिम्की चित्रकलालाई व्यवस्थित रूपमा संरक्षण, अभिलेखीकरण गर्न आवश्यक भएको बताए । श्रीकृष्ण जन्माष्टमीका दिन यो चित्रकला बनाएर पूजा गर्दा पुण्य प्राप्त हुने धार्मिक विश्वास रहेको छ ।

## भोटेकोशी बाढीको वितण्डा :
# कर्णालीका दुई सय सत्तरीको अवस्था अज्ञात



**युग संवाददाता**
**सुर्खेत, १६ भदौ ।**

भदौ १० गते आएको भोटेकोसीको बाढी पश्चात कर्णाली प्रदेशका दुई सय सत्तरी जना सम्पर्कविहीन भएको कर्णालीका दश जिल्लाका २२९ पुरुष, ३३ जना महिला, पाँच जना बालक र ३ जना बालिकागरि २७० जना आफन्तको सम्पर्क विहीन बनेका हुन ।

सुर्खेतका २० जना, दैलेखका ७ जना, जाजरकोटका ११ जना, सल्यानका ५९ जना परिवारको सम्पर्कमा छैनन् । त्यस्तै, रुकुमपश्चिमका १९ जना, कालिकोटका ६ जना, जुम्लाका ११३ जना सम्पर्कविहीन बन्दा मुगुका १९ जना, डोल्पाका ४ जना र हुम्लाका १२ जना सम्पर्कविहीन बनेका हुन ।

प्रदेश प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता सन्तोषसिंह राठौरका अनुसार हालसम्म सल्यानका एक जनाको बाढीमा परेर मृत्यू भएको छ । उक्त बाढीमा परि सम्पर्कमा ७५ जना आएका छन् भने सम्पर्कमा आउन बाँकी १९४ जना रहेका छन् ।

उनकाअनुसार सम्पर्कमा आउन बाँकी रहेकाहरु सुर्खेतका १६ जना, दैलेखका ५ जना, जाजरकोटका ३ जना, सल्यानका ५४ जना, रुकुम पश्चिमका ९ जना रहेका छन् । त्यस्तै, कालिकोटका ६ जना, जुम्लाका ८१ जना, मुगुका ११ जना सम्पर्कमा आउन बाँकी रहेका छन भने डोल्पाका २ र हुम्लाका ७ जना सम्पर्कमा नआएको प्रवक्ता राठौरले बताए ।

उनका अनुसार दिउँसो १२ बजेसम्मको यो विवरण हो । हालसम्म कर्णालीका एक जना बाहेक अरुको मृत्यू भएको पुष्टि हुनसकेको छैन ।

## भोटेकोशी...

भरतपुर पठाउने निर्णय गरेको थियो ।

सोही निर्णयअनुसार पीडित परिवारका सदस्यसहित १३ जना खोजीका लागि भरतपुर पुगेका छन् । गाउँपालिकाले खोजीमा जाने प्रत्येक व्यक्तिलाई १० हजार रुपैयाँका दरले यातायात खर्च उपलब्ध गराएको वडा नम्बर २ का अध्यक्ष थारूले बताए ।

**गेरुवा–५ का चार मजदुर पनि सम्पर्कविहीन**

गेरुवा गाउँपालिका–५ का चार जना मजदुर पनि भोटेकोशी बाढीपछि सम्पर्कविहीन छन् । उनीहरू अहिलेसम्म परिवारको सम्पर्कमा नआएको वडा नम्बर ५ का अध्यक्ष धर्मबहादुर थारूले बताए । भरतपुर पुगे पनि बाढीपछि विभिन्न स्थानमा भेटिएका शवको पहिचान गर्न कठिनाइ भइरहेको उनले बताए । 'अब शव राखिएका अन्य ठाउँमा पनि खोजीका लागि जानेछौं,' उनले भने ।

**बर्दियाका ९० जना अझै सम्पर्कविहीन**

जिल्ला प्रशासन कार्यालय बर्दियाका अनुसार रसुवाको भोटेकोशी बाढीपछि जिल्लाका ९० जना अझै सम्पर्कविहीन छन् । सम्पर्कविहीन हुनेमा गुलरिया–५ का इन्जिनियर शिशिर गिरीसहित कर्मचारी, मजदुर तथा रसुवा घुम्न गएका बर्दियावासी छन् ।

प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालका अनुसार सम्पर्कविहीनमध्ये सबैभन्दा धेरै बारबर्दिया नगरपालिकाका २५ जना छन् । त्यस्तै, बाँसगढी नगरपालिकाका १८, राजापुर नगरपालिकाका १६, गेरुवा गाउँपालिकाका १४, ठाकुरबाबा नगरपालिकाका १३, गुलरिया नगरपालिकाका २ र मधुवन नगरपालिकाका १ जना सम्पर्कविहीन छन्। अन्य दुई जनाको ठेगाना खुल्न सकेको छैन ।

प्रशासनका अनुसार बाढीका कारण सम्पर्कविहीन भएकामध्ये केही रोजगारीका लागि रसुवा पुगेका मजदुर तथा कर्मचारी छन् भने केही बर्दियाबाट घुमफिरका लागि रसुवा पुगेका थिए । भोटेकोशी बाढीमा परेर आफ्ना आफन्तको अवस्था अज्ञात भएपछि बर्दियाका विभिन्न गाउँमा अहिले परिवारको पीडा र प्रतीक्षाको अवस्था छ । आफन्तहरू सुरक्षित उद्धार हुने आशामा सरकारी निकायबाट खोजी तथा उद्धार तीव्र पारिने प्रतीक्षामा छन् ।

## १३ खर्ब...

अनुसार आउन सकेको छैन ।

यसैबीच सरकारले वैदेशिक रोजगारीमा जान चाहने युवाका लागि नै पुरुषलाई ३ लाख र महिलालाई ५ लाखसम्म बिनाधितो ऋण उपलब्ध गराउने नीति अघि सारेको छ, जुन एकातर्फ सामाजिक सुरक्षाको उपाय भए पनि अर्कोतर्फ स्वदेशभित्रै रोजगारी सिर्जना गर्नुको साटो पलायनलाई नै संस्थागत रूपमा सहज बनाइरहेको विरोधाभासपूर्ण नीति पनि हो ।

माथिका तथ्यांकलाई एकसाथ राखेर हेर्दा नेपालको अर्थतन्त्रमा एउटा गहिरो विरोधाभास देखिन्छ । एकातिर बैंकहरू ऐतिहासिक नाफा कमाइरहेका छन्, विदेशी विनिमय सञ्चिति र रेमिट्यान्स रेकर्ड उच्च छ, घरजग्गा कारोबार सुध्रिँदै छ, अर्कोतिर वास्तविक जीडीपी वृद्धिदर घट्दो क्रममा छ । कृषि उत्पादन खस्किँदो छ, उत्पादनमूलक क्षेत्र लगानीको खडेरीमा छ, राजस्व संकलन कमजोर छ र प्रतिवर्ष लाखौं युवा रोजगारीको खोजीमा विदेशिन बाध्य छन् ।

**सुझाव**

नेपालको बृहत् अर्थतन्त्र आँकडाको सतहमा चम्किलो देखिए पनि त्यो चमक धेरैजसो अंशमा वैदेशिक रोजगारीबाट आउने रेमिट्यान्समा टिकेको छ । आन्तरिक उत्पादन र उत्पादकत्व वृद्धिमा होइन ।

सरकारले आफैं उत्पादक बनेर निजी क्षेत्रसँग प्रतिस्पर्धा गर्ने कि नियामक र सहजकर्ताको भूमिकामा बसी निजी लगानीबाट प्रतिफल लिने भन्ने आधारभूत प्रश्नको जवाफ दिनु जरुरी छ ।

त्यसैगरी बैंकमा थन्किएको १३ खर्ब हाराहारीको लगानीयोग्य रकमलाई उत्पादनमूलक क्षेत्र र युवा उद्यमशीलतातर्फ मोड्न सकिए रेमिट्यान्समा निर्भर बाह्य क्षेत्रको सुदृढतालाई वास्तविक आन्तरिक उत्पादन क्षमताको सुदृढतामा रूपान्तरण गर्न सकिन्छ ।

यसका लागि कालोसूचीजस्ता कठोर नियमन, धरपकडको अनिश्चितता र बारम्बार परिवर्तन हुने नीतिको सट्टा दीर्घकालीन, पूर्वानुमानयोग्य र निजी क्षेत्रमैत्री नीतिगत खाका आवश्यक देखिन्छ । एडीबीले सुझाएझैं अब चल्न नसक्ने उद्योगलाई इमानदारीपूर्वक बन्द गरी त्यहाँको स्रोत र जग्गा उत्पादक सम्भावना भएका अन्य क्षेत्रमा पुनर्निर्देशित गर्न र साथै स्वदेशभित्रै रोजगारी सिर्जना गर्ने संरचनागत सुधार गर्नु नै यथार्थवादी बाटो हो- नत्र आँकडाको चमकले वास्तविकतालाई कति समय ढाकिराख्न सक्ला भन्ने प्रश्न सधैं रहिरहन्छ । प्रवलजंग पाण्डे सिटिजन्स बैंकका अध्यक्ष तथा नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हुन् ।

*(कान्तिपुर)*

## चिपको...

आयाततर्फ कच्चा तेल, प्राकृतिक ग्यास र कोइलासहित तीन प्रमुख ऊर्जा स्रोतको आयात १५.३ प्रतिशतले बढेर १२.६८ अर्ब डलर पुगेको छ ।

सेमिकन्डक्टर उत्पादन उपकरण बलियो मागका कारण गैरऊर्जा वस्तुको आयात पनि २४.४ प्रतिशतले बढेर ५०.८३ अर्ब डलर पुगेको मन्त्रालयले जनाएको छ ।

## ६ वर्षपछि...

सल्यानको कपुरकोट र सुर्खेतको हर्रेमा विषादी अवशेष परीक्षण सेवा सञ्चालन, प्रयोगशाला सुदृढीकरण तथा द्रूत विश्लेषणका लागि आवश्यक बजेट विनियोजन गरिएको उल्लेख छ ।

प्रदेश सरकार मातहतको साविक कृषि विकास निर्देशनालय सुर्खेतका अनुसार सल्यानको कपुरकोटमा निर्माण गरिएको प्रयोगशालाको भवन एक तलासम्म कृषि क्षेत्रमा काम गर्ने एउटा गैरसरकारी संस्थाले निर्माण गरेको थियो । उक्त भवन साविक जिल्ला कृषि विकास कार्यालयलाई परियोजनाले हस्तान्तरण गरेको थियो ।

त्यही भवनलाई प्रदेश सरकारले प्रयोगशालाका रुपमा प्रयोग गर्नेगरी पछि डेढ तला थपेको हो । सुर्खेतको हर्रेमा स्थानीय कृषि समूहको जग्गा भाडामा लिएर प्रयोगशाला स्थापनाका लागि प्रदेश सरकारले साढे दुई तलाको भवन निर्माण गरेको हो । कृषि विकास निर्देशनालयमार्फत उक्त भवन निर्माण गरिएको छ ।

स्थानीय कृषि समूहलाई बार्षिक रुपमा भाडा तिर्ने र प्रत्येक १५ वर्षमा सम्झौता नवीकरण गर्नेगरी निर्देशनालय र उक्त कृषि समूह आवद्ध सहकारीसँग सम्झौता भएको छ । हर्रेको उक्त भवनमा विद्युत् र पानीका लागि पाइप जडान गर्न पनि बाँकी छ ।

प्रयोगशाला सञ्चालनका लागि आवश्यक उपकरण एकीकृत कृषि प्रयोगशाला कार्यालले ६० करोडमा खरिद गरिसकेको छ । कार्यालयका माटो विज्ञ मोहन आचार्यका अनुसार २०८२ असारमा मन्त्रालयमा भएको बजेट रकमान्तर गरी विषादी परीक्षण प्रयोगशाला सञ्चालनका लागि आवश्यक पर्ने उपकरणहरु खरिद गरिएको थियो ।

प्रयोगशाला सञ्चालनका लागि आवश्यक जनशक्तिका व्यवस्थापन गर्न प्रदेश सरकारको भूमि, व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक वर्ष २०७९/०८० मै संगठन तथा व्यवस्थान (ओ एण्ड एम) सर्भे गरी मुख्यमन्त्री कार्यालयमा पठाएको थियो । उक्त ओएण्डएम मन्त्रीपरिषदबाट स्वीकृत भएन । त्यसपछि आर्थिक बर्ष २०८०/८१ मा फेरि सर्भे गरी पठाईयो । उक्त प्रस्ताव पनि समयमै स्वीकृत भएन ।

त्यसयता भने प्रयोगशाला सञ्चालनको विषय सम्बन्धित कुनै पनि क्षेत्रबाट प्राथमिकतामा परेन । मन्त्रालयका अनुसार सुरुमा कपुरकोट र हर्रेको प्रयोगशालाका लागि प्राविधिकसहित पाँच/पाँच जना कर्मचारी राख्नेगरी संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पठाइएको थियो । त्यसपछि दोस्रो पटक गरिएको 'ओ एण्ड एम' मा तीन/तीन जना कर्मचारी माग गरिएको थियो ।

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
ह.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान राष्ट्रिय दैनिक

# खानेपानी संस्थान, धनगढीको बक्यौता दुई करोड ५१ लाख

**◣युग संवाददाता**
**धनगढी, १६ भदौ ।**

नेपाल खानेपानी संस्थान, धनगढी शाखाको आर्थिक बर्ष २०८२/०८३ को असार मसान्तसम्म उठाउन बाँकी बक्यौता रु दुई करोड ५१ लाख पुगेको छ। खानेपानी संस्थान धनगढीका प्रमुख रामचन्द्र लामिछानेले निजीबाट रु दुई करोड १६ लाख १० हजार नौ सय ४७ र सरकारीबाट रु ३५ लाख ४५ हजार नौ सय ५४ असुल गर्न बाँकी रहेको जानकारी दिए।

संस्थानले धनगढी उपमहानगरपालिका वडा नं. १, २, ३, ४, ५, ६, ८, ९, १०, ११, १२, १३, १४, १७ र १९ मा दैनिक एक करोड ३० लाख लिटरपानी वितरण गर्ने गरेको छ। कूल ११ हजार तीन सय ३९ जना सेवाग्राहीले उक्त पानी उपभोग गर्ने गरेका छन् । संस्थानले खानेपानी उपभोग गरेबापत मासिक न्युनतम रु एक सय १० शुल्क असुल गर्दै आएको छ।

त्यसैगरी, नेपाल खानेपानी संस्थान, धनगढीले गत आर्थिक वर्षमा विभिन्न राजस्व शीर्षकबाट जम्मा रु छ करोड ३२ लाख २८ हजार सात सय ३४ दशमलब ९१ राजस्व सङ्कलन गरेको कार्यालय प्रमुख लामिछानेले जानकारी दिए।

कार्यालयले अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा रु पाँच करोड ७२ लाख ३८ हजार आठ सय ५७ दशमलव ३४ राजस्व सङ्कलन गरेको थियो। जुन अघिल्लो आर्थिक वर्षको तुलनामा गत आवमा १० दशमलव ४६ प्रतिशतले राजस्व बुद्धि भएको पाइन्छ।

# एमयूको रजिष्ट्रारमा डाक्टर सुदीप ठकुरी नियूक्त




**◣युग संवाददाता**
**सुर्खेत, १६ भदौ ।**

मध्यपश्चिम विश्वविद्यालय (एमयू) को रजिष्ट्रारमा सहप्राध्यापक डाक्टर सुदीप ठकुरी नियूक्त भएका छन्। शिक्षा तथा खेलकुद मन्त्रालयको सिफारिसमा ठकुरीलाई मंगलबार एमयूका कुलपतिसमेत रहेका प्रधानमन्त्री वालेन्द्र शाहले रजिष्ट्रारमा नियूक्त गरेका हुन्।

शाही त्रिभुन विश्वविद्यालयमा सहप्राध्यापकको रुपमा कार्यरत छन्। जलवायु विज्ञ ठकुरी एमयूको विज्ञान तथा प्रविधि संकायको डीन भएर काम गरिसकेका व्यक्ति हुन्। २३-२४ भदौको जेन-जी विद्रोहपछि निर्माण भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले पुराना राजनीतिक नियूक्ति खारेज गरेपछि प्राडा शोभाखर कँडेल पदमुक्त भएका थिए। कँडेल पदमुक्त भएपछि सरकारले कार्यबहाक रजिष्ट्रारमा अर्जुनबहादुर ऐडीलाई जिम्मेवारी दिएको थियो।

## घुयँत्रो

कोशी प्रदेशका सचिव कोषहरि निरौला ऐले खुब चर्चाँ छन। अँझ सामाजिक सन्जालको भाषाँ भन्ने हो भने खुब भाईरल भा छन। उनले लास र बिगतको अनुभव सुनाएर सामाजिक सन्जालाँ यौटा अनुभव के पोष्ट्याथे ! बस,सरकारका सल्लाहकारले सामान्य प्रशासन मन्त्री काँ जाहेरी गरि हालेछन। हुन त सल्लाहकारको कामै त्यै हो। सरकारको बिरोध हुन नदिनु र कतैबाट बिरोध आईहाले फटाकसे सम्बन्धित मन्त्री वा व्यक्तिकाँ जाहेर गरि हाल्नु उनरको धर्म पनि त हो। त्यसैका लागि त सरकारले नि मन्त्रीहरुलाई त्यति धेरै सल्लाकार नियुक्त गर्ने अधिकार देर राज्यको ढुकुटी खन्याछ। त्यसैले ऐलेको सरकार चाहन्छ आफ्ना गल्ती कमिकमजोरी देखाएर कसैले निन्दा नगरोस। सम्पूर्ण जनताको नजरमा सरकार हाईहाई बनेर बसोस।यस्तो सोच राख्ने सरकारका विरुद्ध कसैले कमेन्ट गर्ने ? कमेन्टनि अरुले हो र आफ्नै तलब खाने कर्मचारीले गर्ने ? यस्तो देखेसि अनि तब त मन्त्री ज्युलेनि धडाक से सहसचिव निरौलाको सरुवा गरेर देखाई दि हाल्नु भो कि बालेन सरकारको आलोचना गर्दा कति महँगो फि तिर्नु पर्छ भनेर। मन्त्री नि बाठि रैछिन। ला त ! ऐलेको सबभन्दा अप्ठ्यारो ठाउँ भन्या त्यै रसुवाको टिमुरे हो।त्यै रसुवाको टिमुर्याँ गएर काम गर अनि बल्ल था पाउलास सरकारको आलोचना कति महँगो हुन्छ भनेर पठाई दिई हाल्नु भएछ ,अब भएन त फसाद ! बिचरा निरौला ऐले, किन फोकटाँ सल्ला दे हुम्ला भनेर खप्पराँ हात लाएर रुनु न हाँस्नु भा छन। के गर्ने हिजोका सरकारलाई सल्ला दिन बानि पर्या मान्छे यो सरकारलाई नि जावस न त भनेरै होला बिचराले सामाजिक सन्जालाँ कथा लेखेर भ्याउँदा नभ्याउँदै सरुवा भएछि बल्ल था पाएकि यो वलि ,प्रचण्ड र देउबाको सरकार हैन कि बालेनको सरकार हो भनेर। जब सरकारले सरकारी कर्मचारीको सल्ला चाईंदैन हामी आफ्नो सहयोगको लागि आफ्नै सलहकार समिति बनाउँछम् भनेर चाईंदो र पुग्दो मात्राँ सल्लाहकार समिति बनाएर मन्त्रीहरु रात दिन काममा जुटिराछन त! अनि कामको जिम्मेवारी पाका कर्मचारी खुरुक्कअफिस जाने आफ्नो दैनिक काम गर्ने बस्ने हैन र? यो सरकार हिजोको छाडा र जल्लाई जे मन लायो त्यो गर्न दिने सरकार हैननि। त्यसैले निरौला सर टिम्मुरेमानि बुभ्दि पुर्याएर काम गर्नु होलानि। ऐलेसम्म रसुवामा उध्दारको कामका लागि सरकारले उध्दार टोलि नपठाको भने ठूलो किरोध आईराछ। सामाजिक सन्जालाँ आका कुरा अनुसार रसुवामा पुरानै दलले चुनाब जितेको र त्याँ रास्वपाका नेतै नभा हुनाले सरकारले बाढि पिडितका लागि उध्दारको कामै नगरेको भन्ने हल्लाछ। त्यस्तो अबस्थाँ फेरि सरुवा गर्याँ ठाँ पुगेर लौ ह्याँ त उध्दार गर्ने सेनै छैन ,पुलिसै छैन भनेर सरकारको कानै फुट्नेगरि चिच्याउन नथाल्नु होलानि। रसुवामा सरकारले के गर्याछ त्यो हेर्नू होला बस्नु होला केही जिम्मेवारी दिए सके गर्नु होला नसके सरकारसित सल्लाह माग्नु होला सरकारले जे सल्लाह दिन्छ त्यो गर्नु होला। अन्यथा यो चोटि त सरुवा मात्रै हुनु भाछ अर्कोचोटि बर्खास्तै भएर रुँदै घर जानू पर्ला नि! सम्पूर्ण कर्मचारी ज्युहरु तपाईंहरले नि होस गर्नोस है सरकारको विरुद्धाँ कईंकतै केही नओकल्नोस नत्र निरौलाकै जस्तो हालत होला अनि बल्ल था पाउला मच्चिमच्ची घण्टीयाँ भोट हाल्या। बरु सबैले भन बालेन सरकारको जयहोस !




# काठमाडौँ र हेटौँडा जाने सवारी साधनको लागि नयाँ ‘रुट’ निर्धारण

**◣युग संवाददाता**
**काठमाडौँ, १६ भदौ ।**

भोटेकोशी नदीमा यही भदौ १० गते बाढी गएपछि पृथ्वीराजमार्गलगायतका सडक अवरुद्ध भए पनि प्रहरी प्रधान कार्यालयले मकवानपुर जिल्लाको हेटौंडादेखि सङ्घीय राजधानी काठमाडौंमा चल्ने सवारीसाधनको नयाँ रुट आजदेखि निर्धारण गरेको छ। दश चक्कासम्मका सम्पूर्ण मालबाहक तथा ठूला यात्रुबाहक सवारीसाधन त्रिभुवन राजपथ हुँदै काठमाडौंतर्फ जाने रुट व्यवस्थापन गरेको छ। दश चक्कासम्मका सवार ीसाधन काठमाडौंबाट मकवानपुर फर्किंदा भने कान्ति राजमार्ग हुँदै फर्किने व्यवस्था गरेको छ।

प्रहरी प्रधान कार्यालयले मौसम र बाटोलगायत यात्रुहरुको सुरक्षालाई समेत मध्यनजर गर्दै कान्ति राजमार्ग हुँदै हेटौँडातर्फ आउने यात्रुवाहक सवारीसाधन अनिवार्य रुपमा साँझ ६:०० बजेभित्रमा मकवानपुर जिल्लाको इलाका प्रहरी कार्यालय ठिङ्गन चेकपोष्ट पार गरिसक्नुपर्ने व्यवस्था गरेको बताइएको छ।

प्रहरी प्रधान कार्यालयले १४ सिटभन्दा कम क्षमता भएका साना यात्रुवाहक सवारीसाधन काठमाडौंबाट हेटौंडातर्फ आउँदा फर्पिङ-फाखेल-कुलेखानी हुँदै भीमफेदीतर्फ आउने रुट निर्धारण गरेको छ। त्यसैगरी, काठमाडौंतर्फ जाँदा भने भीमफेदी-कुलेखानी-सिस्नेरी-दक्षिणकाली हुँदै जाने रुट तय गरेको छ। मकवानपुरको त्रिखण्डी नजिकै रहेको बेलिब्रिजको भारवहन क्षमता कमजोर रहेको हुँदा इन्धन तथा भारी मालबाहक सवारीसाधनले उक्त बेलिब्रिज प्रयोग नगरीसँगै रहेको डाईभर्सन हुँदै जाने व्यवस्था गरेको छ।

प्रहरी प्रधान कार्यालयले विपद् जन्य समय भएकाले अत्यावश्यक अवस्थामा मात्र यात्रा गर्ने, कुनै पनि राजमार्गमा सवारी चालकहरुले धैर्य एवं अनुशासनपूर्वक आफ्नो पालोमा मात्र सवारी सञ्चालन गर्ने, ओभरटेक नगर्ने तथा ट्राफिक व्यवस्थापन खटिएका सुरक्षाकर्मी ट्राफिक प्रहरीको निर्देशन पूर्ण रुपमा पालना गर्नका लागि सबैसँग अनुरोध गरेको छ।

त्यसैबीच, भोटेकोशी बाढीका साथै अविरल वर्षाका कारण पहिरो खस्दा देशका विभिन्न राजमार्ग अवरुद्ध भएका छन्। प्रहरी प्रधान कार्यालयका अनुसार पृथ्वीराजमार्गअन्तर्गत बेनिघाट रोराङ गाउँपालिका-७ कृष्णभिर स्थित त्रिशूली नदीले कटान गर्दा सडक भासिन गई मानिससमेत आवतजावत गर्न नसक्ने गरी पूर्ण रुपमा अवरुद्ध भएको छ। त्यसैगरी धादिङको गजुरी गाउँपलिका-२ स्थित परेवाभिरमा पनि बाढीको कारण सडकको तल्लो भाग भासिएको कारणले पूर्ण रुपमा अवरुद्ध भएको छ।










**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।